# राष्ट्रिय कृषिबंधुवामजदुर संघर्ष समिति

**मिति:२०७९ सालअसार १८ गते**

## प्रेस बिज्ञप्ती

नेपालमाअझैपनिदास प्रथाको अवशेषका रुपमा रहेका कमैया प्रथाको २०५७ साल साउन २ गते सरकारले मुक्तिको घोषणा गरेको २२ वर्ष पूरा भएको छ भने हलियामुक्तिको घोषणा २०६५ सालभाद्र २१ गते गरिएको १४ वर्ष पुग्दैछ । मुक्तकमैयामुक्तहलिया हरु को मुक्तिको घोषणा पश्चातहालसम्म३२५०९ कमैया परिवार तथा १४७७५ हलिया परिवारले परिचयपत्रप्राप्त गरेका छन् । जसमध्ये हालसम्म २५१९५ मुक्तकमैया परिवारले पूनर्स्थापनाको लागि २ धुरदेखी ५ कट्ठासम्मजग्गापाएका छन । त्यसैगरी १३५४६ मुक्तहलिया परिवारले पूनर्स्थापनाको प्याकेज पाएका छन । अझै पनिबहुसंख्यक हलिया र कमैया परिवारहरु पहिचान र प्रमाणीकरण हुनवाट छुट भयेका छन । पुर्नस्थापनाप्याकेज प्राप्त गरेकाकमैया रहलियापरिवारहरु पनिव्यवस्थित र एकिकृत कार्यवन्यनको अभावमाशिक्षा,स्वास्थ्य रोजगारी, जिविकोपार्जनकाउपायहरु नहुँदाआधुनिकदासत्वको उच्च जोखिममा रहेका छन् ।

पूर्वी तराईकाबारा देखि सुनसरी सम्मका९जिल्लाहरुमाकरिव १ लाखभन्दा बढी जमिन्दार वा गृहतका घरमाऋण लिई चर्को ब्याजवापतविनाज्यालाबाधाश्रमीकका(हरवाचरवा)का रुपमाकामगर्दै आएका छन् । संघीय लोकतान्त्रिक गणतान्त्रिक शासनव्यवस्थाभएको मुलुकमाअहिलेसम्म पनिदासप्रथाको अवशेषका रुपमा रहेको हरवाचरवाबँधुवाश्रमिकका रुपमा रहिरहनु मानवअधिकार र संबिधानप्रदत्तमौलिकहकहरुको गम्भीर उल्लघंन हो ।

संविधानको मर्म र भावनाअनुरुप सामन्तवादकाअवशेषका रुपमा हरवा चरवा, मुक्तकमैयाकमलह्री र हलियाका वस्तुस्थिती तथाअवस्थाअध्ययन गर्न भूमिव्यवस्था सहकारी तथागरिबीनिबारण मन्त्रालयद्वारा २०७८ सालमाअध्ययन समिति गठन गरिएको थियो । उक्त समितिले सरोकारवालाहरु, पिडित समूदायहरुको स्थलगतअध्ययनको आधारमाबस्तु स्थिती  तथाअबस्थाअध्ययन गरी स्थानीयप्रदेश र संघीय सरकार लाई  हालको अबस्था र कार्यका सन्दर्भमानेपाल सरकार सँग उनिहरुको ऋण खारेजी सहितमुक्ति, पहिचान र पूर्ण पुनस्थापनाकानिम्तिसिफारिस गरेको छ ।

यसै सन्दर्भमाकृषिबधुवामजदुरहरु (मुक्तभईसकेका तर छुट रहेका कमैया र हलियाहरु र मुक्तहुनबाँकी हरवाचरवा) हरुको पहिचान, मुक्ति र न्यायिकपुर्ण पूनर्स्थापनाका लागिविद्यमान संजालहरु राष्ट्रिय हरवा चरवाअधिकार मन्च, राष्ट्रिय मुक्तहलिया समाजमहासंघ र मुक्तकमैया समाजको राष्ट्रिय स्तरमाएकिकृत सञ्जाल**राष्ट्रिय कृषिबँधुवामजदुर संर्घष समिती** गठनगरिएको छ ।

उक्त संगठनका तर्फवाट निम्नलिखितमागहरु तत्काल पूरा गर्न नेपाल सरकारसंग यो प्रेस विज्ञप्ती मार्फत जोडदार मागगर्दछौं ।

**हाम्रासाझामागहरुः**

१.पूर्वी तराईका बारा देखि सुनसरी जिल्लासम्मरहेका हरवाचरवा समुदायकोहालसम्ममुक्तिको घोषणा नभएकाले तत्काल ऋण खारेजीगरि मुक्तिको घोषणा सहितन्यायिकपूनर्स्थापनाको कार्य थालनीगरियोस्,

२. सुदूरपश्चिम कर्णाली र लुम्बिनीप्रदेशमा रहेका छुट मुक्तकमैया, हलिया र कमलरीको पहिचान, प्रमाणीकरण गरि न्यायिकपूनर्स्थापना गरियोस

३. कृषिबधुवामजदुरहरुः हरवाचरवा, मुक्तहलियातथामुक्तकमैयाको शिक्षा, स्वास्थ्य र रोजगारीको अधिकारहरु सुनिश्चितगरियोस,

४. विघमान असमानज्यालाअन्त्यगर्दै सामानकामको सामान र न्यायोचितज्याला सुनिश्चितताागरियोस,

५. तीनै तहकाशासनकानीतितिनिर्माण प्रकृयामा समन्यायिक (न्यायपूर्ण) र अर्थपूर्ण प्रतिनिधित्व र आवाजको सुनिश्चितताागरियोस,

६. नीतीतथाकार्यक्रमनिर्माण र कार्यान्वयनगर्दा महिला, बालवालिका, अपाङ्गताभएकाब्यक्ति र जेष्ठ नागरिकहरुको अधिकारलाई केन्द्रबिन्दुमा राखि सम्बोधनगरियोस,

७. विद्यमानकमैया (बाँधा) श्रम निषेध ऐन २०५८ ले नेपालभरी छरिएर रहेका कृषिमाआधारित बाधाश्रमीकहरुको पहिचान, मुक्ति र पुनःस्थापनाको मुद्धालाई सम्वोधन गर्न असफलभएकोले तत्काल सबै बाधाश्रमीकहरुलाई सम्बोधन गर्ने गरि **एकिकृत वाँधाश्रम निषेध ऐन**निर्माण गरियोस ।

राष्ट्रिय कृषिबंधुवामजदुर संघर्ष समितिलउठाएका मागहरु नेपाल सरकारलेसमयमै सम्बोधननगरेको खण्डमा सशक्तआन्दोलन गर्ने कुरा जानकारी गराउदै यसबाट पर्न जाने असरप्रति सरकारले नै जिम्मेवार हुनु पर्ने कुरा समेत सचेत गराउन चाहन्छौ ।हामीलेसाझा रुपमा उठाएका मागहरु प्रति ऐक्यबद्धता जाहेर गर्दै सहयोगकालागि सम्पुर्ण सरोकारवालालाई हार्दिक अपिलगर्दछौ ।

**राष्ट्रिय कृषिबँधुवामजदुर संर्घष समिती को तर्फबाटः**

१. संयोजकःदशन मण्डल, राष्ट्रिय हरवाचरवाअधिकार मञ्च
२. सहसंयोजकः राजुरामभुल, राष्ट्रियमुक्तहलिया समाजमहासंघ नेपाल
३. सदस्य सचिवःपशुपती चौधरी, मुक्तकमैया समाज
४. सदस्यःलागिन्द्र सदा,राष्ट्रिय हरवाचरवाअधिकार मञ्च
५. सदस्यः राजवती मण्डल, राष्ट्रिय हरवाचरवाअधिकार मञ्च
६. सदस्यः टीका नेपाली, राष्ट्रिय मुक्तहलिया समाजमहासंघ नेपाल
७. सदस्यः हरीचन्द्र चौधरी, मुक्तकमैया समाज
८. सदस्यःबिरुनीथारु, मुक्तकमैया समाज
९. सदस्यःतुलाराम सार्की, राष्ट्रिय मुक्तहलिया समाजमहासंघ नेपाल